नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १३७ २०७९ साल पुस १३ गते बुधबार (28 Dec. 2022 Wednesday) मूल्य रु. ५/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : थप दुई आयोजनाको बिजुली... ३ पृष्ठमा : राष्ट्रपति र उपराष्ट्रपति ... ३ पृष्ठमा : दक्षिण कोरियाका ...

## झुट्ठा विवरण पेश गरी नागरिकता लिन खोज्ने भान्जा र माईजु पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १२ पुस ।**

नेपाली नागरिकता लिन खोज्ने भारतीय नागरिक र उनलाई सघाउने माइजु पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरीको डाक्नेश्वरी नगरपालिका ३ तरहीकी ५० वर्षिया फुलिया देवी मुखीया र भारतको विहार राज्य मधुवनी जिला फुलपरास ग्राम पंचायतका २० वर्षिय धिरज कुमार मुखिया छन् ।

पक्राउ परेका मध्ये फुलिया देवी माईजु र धिरज भान्जा नाताका रहेका छन् । भारतीय नागरिक धिरजलाई छोरा हो भन्दै विभिन्न किर्ते कागजात तयार गरी सप्तरीको बोदे बसाईन नगरपालिकास्थित इलाका प्रशासन कार्यालय पुगेका वेला सोमवार माईजु र भान्जा पक्राउ परेका हुन ।

भारतीय भान्जालाई छोरा हो भनी फुलिया देवीले झुट्ठा विवरण र किर्ते कागजात पेश गरेपछि शंका लागेर चेक जाँच गर्दा सत्य खुलेको र दुबै जनालाई पक्राउ गरिएको डिएसपी नरेश कुमार सिहले बताए ।

दुवै जनालाई मंगलवार सप्तरी जिल्ला अदालतमा नागरिकता सम्बन्धि कसुरमा उपस्थित गराइएको र अदालतबाट सात दिनको म्याद थप गरी आवश्यक अनुसन्धान अघि बढाइएको उनले जानकारी दिए ।

वडा कार्यालयदेखी प्रशासन कार्यालयसम्म विभिन्न प्रक्रिया पुरा गर्दै अधिकार प्राप्त अधिकारी सामु थरि थरिका प्रमाण पुऱ्याउनु पर्ने कानुनी प्रावधान छ । तर, वेला वेलामा झुट्ठा विवरण, किर्ते कागजात त कतै मिलोमतोमै नागरिकता लिने दिने गरेको घट्ना सार्वजनिक हुने गरेको छ ।

## खाल्डो खनेर राखेको अवस्थामा पेस्तोलसहित राम पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १२ पुस ।**

अवैध रुपमा घरमै राखेको कटुवा पेस्तोलसहित एक व्यक्ति पक्राउ परेका छन् । पक्राउ पर्नेमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ४ वस्ने शत्रुघन राम छन् ।

गोप्य सुचनाका आधारमा पुगेको सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश क्याम्प भारदह र नेपाल प्रहरीको संयुक्त टोलीले रामलाई सोमवार साँझ घरमै खाल्डो खनी राखेको अवस्थामा कटुवा पेस्तोलसहित रामलाई नियन्त्रणमा लिएको हो ।

रामले आफ्नो गाईगोठमा खाल्डो खनेर प्लास्टिकको झोलामा कटुवा पेस्तोल लुकाई राखेको गोप्य सुचनाको आधारमा पुगेको सशस्त्र र नेपाल प्रहरीको संयुक्त टोलीले खान तलासी गर्दा कटुवा पेस्तोल फेला परेको डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

रामलाई मंगलवार खरखजाना मुद्दा अन्तर्गत सप्तरी जिल्ला अदालतबाट सात दिनको म्याद लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## चोरिएको मोटरसाईकलको नम्बर परिवर्तन गरि प्रयोग गरिहेका व्यक्ति पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १२ पुस ।**

चोरिएको मोटरसाईकलको नम्बर परिवर्तन गरी प्रयोग गरिरहेको अवस्थामा प्रहरीले एक व्यक्तिलाई पक्राउ गरेको छ ।

दुई दिन अघि चोरेको मोटरसाईकलको नम्बर परिवर्तन गरी प्रयोगमा ल्याएका राजविराज ४ का २२ वर्षिय सोनु सेख पक्राउ परेका हुन् ।

प्रहरीका अनुसार दुई दिन अघि उनले राजविराज ११ निवासी शुभनारायण शर्माको को.३०प. ८११२ नम्बरको सुपर स्प्लेन्डर मोटरसाईकल चोरेका थिए ।

डिएसपी नरेश कुमार सिहका अनुसार चोरीको उक्त मोटरसाईकलको नम्बर परिवर्तन गरी प्रयोगमा ल्याएका सेख सोमवार राती चेक जाँचको क्रममा राजविराज-हनुमाननगर सडक खण्डबाट पक्राउ परेका हुन् ।

जिल्लामा भएका मोटरसाईकल चोरीका अन्य घट्नामा पनि सेखको संलग्नता हुन सक्ने आशंका गरिएको उनको भनाई छ ।

मंगलवार चोरी मुद्दा शिर्षकमा जिल्ला अदालत सप्तरीबाट सात दिनको म्याद थप गरी उनीमाथी आवश्यक अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## अब पोलियो विरुद्धको खोप १४ हप्तामा

काठमाडौं, १२ पुस (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पोलियोविरुद्धको खोप 'एफआइपिभि' लगाउने समय परिवर्तन गरेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा सञ्जयकुमार ठाकुरले विज्ञको सल्लाहमा नै लगाउने समयको अवधि परिवर्तन गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार एक वर्ष मुनिका बालबालिकाका लागि पहिले छ हप्ता र १४ हप्तामा गरी दुई मात्रा दिने गरेकामा अब पहिलो मात्रा १४ हप्ता र दोस्रो

*बाँकी अन्तिम पृष्ठमा*

## संघीय संसद्को अधिवेशन पुस २५ गते आह्वान

काठमाडौं, १२ पुस (रासस) ।

राष्ट्रपति विद्यादेवी भण्डारीले यही पुस २५ गते संघीय संसद्का दुवै सदनको अधिवेशन आह्वान गर्नुभएको छ ।

उहाँले नेपालको संविधानबमोजिम मन्त्रिपरिषद्को सिफारिसमा यही पुस २५ गते सोमबार दिउँसो १ बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँबानेश्वरमा संसद् अधिवेशन आह्वान गर्नुभएको हो ।

यसैबीच, संघीय संसद् सचिवालयले राष्ट्रपतिबाट अधिवेशन आह्वान भएकाले उक्त, मिति, समय र स्थानमा उपस्थितिका लागि सबै संसद् सदस्यलाई सूचना जारी गरेको छ ।

**जग्गा बिक्रिमा**

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ । जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### तरकारी बजारको पनि अनुगमन आवश्यक

सप्तरीमा अधिकांश तरकारी बाहिरबाट आयात गरिने गरिन्छ । कम आय भएका औसत नेपालीले तरकारी अहिले किन्नै नसकिने भएको छ । तरकारी दैनिकी आवश्यक भएकाले हैसियत भन्दा माथि उठेर आम नेपालीले अहिले तरकारी सहितका खाद्यसामग्री किन्न बाध्य हुन्छन् । जिल्लाका तरकारी बजारहरुमा उपभोक्ताले किन्न लागेको तरकारीको भाउ किलोमा नभई पाउको दरमा बताउने गरिन्छ । यसबाट पनि तरकारीको भाउ आकाशिएको देख्न सकिन्छ ।

दशैं-तिहारमा मात्र सरकारी संयन्त्रले गर्ने गरेको बजार अनुगमनलाई अन्य बेला पनि अनुगमन हुनु आवश्यक छ । नियमित बजार अनुगमन नहुँदा तरकारीको भाउ अनियन्त्रित हुन पुगेको छ । बाहिरबाट तरकारी आउदा त्यसको मुल्य महँगिन्छ । थोक व्यापारीहरु तरकारीको मनोमानी भाउ बढाएर उपभोक्तालाई ठग्दा समेत अनुगमन संयन्त्र मुकदर्शक भएर बस्नु कतिको जायज छ भन्ने प्रश्न उब्जिएको छ ।

यता कम तौल गरेर, ढकका सट्टा ढुंगा ईटाको प्रयोग गरेर समेत उपभोक्ता ठग्ने काम भइरहेको छ । तसर्थ नियमित रुपमा तरकारी बजारको अनुगमन गरी उपभोक्तालाई थोरै भएपनि राहत पुर्‍याउनेतर्फ ती सरकारी संयन्त्रले ध्यान पुर्‍याउनु अति आवश्यक छ ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# थप दुई आयोजनाको बिजुली भारत निर्यातका लागि अनुमति

काठमाडौँ, १२ पुस (रासस) ।

भारतले थप दुई जलविद्युत् आयोजनाको विद्युत् खरिद गर्ने भएको छ । भारतको केन्द्रीय विद्युत् प्राधिकरणको सहमतिअनुसार अब निजी क्षेत्रमा थप दुई आयोजनाको बिजुली भारत निकासी हुने भएको हो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार मंगलबार मात्रै ती आयोजनाको बिजुली निकासीका लागि अनुमति प्राप्त भएको हो । ती आयोजनाको बिजुली समेत इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड ( आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत बिक्री हुनेछ । पछिल्लो विवरण अनुसार काबेली बी एक र तल्लो मोदी जलविद्युत् आयोजनाको बिजुली अब निकासी हुनेछ । तत्काल भने मुलुकभित्रै नै ती आयोजनाको बिजुली खपत हुने छ ।

आगामी जेठदेखि मात्रै ती आयोजनाको बिजुली भारत निर्यात हुनेछ । उहाँका अनुसार काबेली बी एक २४ दशमलव २५ मेगावाट र तल्लो मोदी १९ दशमलव चार मेगावाट क्षमताको हो । यी आयोजनाको समेत अब कूल चार सय ५२ दशमलव छ मेगावाट बराबरको बिजुली भारत निकासी हुनेछ ।

प्राधिकरणले यही पुस ३ गतेसम्म रु ११ अर्ब १६ करोड ३० लाखको विद्युत् भारततर्फ निर्यात भएको छ । देशभित्र खपत गरी अतिरिक्त भएको एक अर्ब ३५ करोड ७७ लाख ५७ हजार युनिट विद्युत् नेपाल प्राधिकरणले निर्यात गरेको थियो ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् गत जेठ १९ बाट इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत बिक्री सुरु गरेको थियो । भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँ ( भारु) मा हुने भएकाले यस अवधिमा विद्युत् बिक्रीबाट छ अर्ब ९७ करोड ६९ लाख भारु नेपाल भित्रिएको छ ।

सुरुमा दुईवटा जलविद्युत् केन्द्रबाट उत्पादित ३९ मेगावाट विद्युत्लाई स्रोत मानी दैनिकरुपमा आइएक्समा बिक्री सुरु गरिएको थियो । त्यसपछि गत जेठ २७ देखि छ वटा जलविद्युत केन्द्रबाट उत्पादित विद्युतलाई स्रोत मानी दैनिक रुपमा तीन सय ६४ मेगावाट भारतीय बजारमा प्रतिस्पर्धी दरमा बिक्री गरिएको थियो ।

प्राधिकरणले गत कात्तिक १८ र ३० गतेदेखि थप दुई जलविद्युत् केन्द्रबाट उत्पादित विद्युत् निर्यात गर्न स्वीकृति पाएको थियो । योसँगै आठ जलविद्युत् केन्द्रबाट उत्पादित विद्युत्लाई स्रोतमानी भारततर्फ निर्यात हुने विद्युत्को स्वीकृति क्षमता चार सय आठ मेगावाट बराबर पुगेको थियो । मंगलबार प्राप्त भएको अनुमति थप हो ।

प्राधिकरणले गत आर्थिक वर्ष २०७८/७९को जेठ तथा असारमा २९ करोड ९१ लाख युनिट विद्युत् निर्यात गरी रु दुई अर्ब ८३ करोड ८८ लाख आम्दानी गरेको छ । चालु आव २०७९/८० को तीन पुससम्ममा एक अर्ब पाँच करोड ८६ लाख ३४ हजार युनिट विद्युत् निर्यात गरी रु आठ अर्ब ३२ करोड ४२ लाख ४० हजार बराबरको रकम आर्जन गरिएको छ ।

आइएक्समा विद्युत् खरिदबिक्रीका लागि २४ घण्टालाई १५/१५ मिनेटको ९६ ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिस्पर्धी दरमा विद्युत्को कारोबार हुन्छ । त्यसैले हरेक ब्लकको मूल्य फरक-फरक हुने गरेको छ । प्राधिकरणले तीन पुससम्म निर्यात गरेको विद्युत्को औसत दर प्रतियुनिट आठ रुपैयाँ २२ पैसा छ ।

# वायु प्रदूषणको मुख्य कारण गाडीले फ्याक्ने धुवाँ

काठमाडौँ, १२ पुस (रासस) ।

वन तथा वातावरण विभागले काठमाडौँ उपत्यकामा वायु प्रदूषणको मुख्य कारण गाडीले फ्याक्ने धुवाँ रहेको जनाएको छ । विभागले धुवाँ नियन्त्रणका लागि उपत्यकामा गाडीहरूको प्रदूषण जाँचलाई कडाइ गरेको र त्यसपछि देशका अन्य मुख्य सहरमा पनि सवारी प्रदूषण जाँचको तयारीमा रहेको जनाएको छ ।

प्रदूषण जाँचमा पास हुन नसक्ने गाडीलाई रु एक लाखसम्म जरिवाना गर्ने विभागले चेतावनी दिएको छ । कैफियत भेटिएमा वातावरण संरक्षण ऐन-२०७६ को दफा ४१को उपदफा-२ अनुसार जरिवाना हुने बताइएको छ । यही पुस १ गतेदेखि सुरु भएको प्रदूषण जाँच अभियानमा काठमाडौँ उपत्यकामा चल्ने कम्तीमा पनि २८ भन्दा बढी गाडीलाई

*बाँकी तीन पृष्ठमा*

# महिला पत्रकारको स्वास्थ्य तथा दुर्घटना बीमा

जनकपुरधाम, १२ पुस (रासस) ।

मधेस प्रदेशका एक सय ५० महिला पत्रकारको स्वास्थ्य तथा दुर्घटना बीमा गरिएको छ ।

आमसञ्चार प्राधिकरण मधेस प्रदेश जनकपुरधामले नेपाल पत्रकार महासङ्घको सदस्यता लिएका र रेडियो, टिभी, अनलाइन र छापामाध्यम लगायतका सञ्चारमाध्यममा कार्यरत सक्रिय महिला पत्रकारको स्वास्थ्य तथा दुर्घटना बीमा गराएको हो । गत २०७९ असारमा बीमा भएका सबै महिला पत्रकारले २०७९ साउन १ गतेदेखि बिमा सुविधा लिन पाउने आमसञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले जानकारी दिनुभयो ।

हालसम्म एक सय ५० महिला पत्रकारको स्वास्थ्य तथा दुर्घटना बीमा गराइसकिएको र चालु आर्थिक वर्ष २०७९/८० मा प्रदेशभरिका सबै सक्रिय पत्रकारको स्वास्थ्य तथा दुर्घटना बिमा गराउने योजना रहेको उहाँले बताउनुभयो ।

जिटुजी फोलिसीअन्तर्गत पत्रकारको स्वास्थ्य तथा दुर्घटना बिमा गराउन राष्ट्रिय बिमा कम्पनी लिमिटेडसँग सम्झौता भएको र बिमावापत लाग्ने प्रिमियम आमसञ्चार प्राधिकरणले जम्मा गरिदिने अध्यक्ष यादवको भनाइ छ । बिमावापत पत्रकारले वर्षमा रु एक लाखसम्मको औषधोउपचार खर्च र रु सात लाखसम्मको दुर्घटना बिमा सुविधा पाउने छन् ।

यस्तै आमसञ्चार प्राधिकरण मधेस प्रदेशले यही पुस महिनाको तेस्रो सातादेखि पर्साको वीरगञ्जबाट प्रेस प्रतिनिधि परिचयपत्र वितरण सुरु गरिने जनाएको छ । प्रेस प्रतिनिधि परिचयपत्र प्राप्त गर्ने पत्रकारको स्वतः स्वास्थ्य तथा दुर्घटना बिमा हुने अध्यक्ष यादवले बताउनुभयो । प्रेस प्रतिनिधि परिचयपत्र प्राप्त गर्न मधेस प्रदेशअन्तर्गतको जिल्लामा कम्तीमा दुई वर्षदेखि सक्रिय पत्रकारिता गर्दै आएको हुनुपर्ने प्रावधान राखिएको छ ।

यसका साथै प्रेस प्रतिनिधि परिचयपत्रका लागि पत्रकारले कार्यरत सञ्चारमाध्यमको नियुक्तिपत्र, सम्बन्धित सञ्चारमाध्यमको अद्यावधिक गराएको कागजात, नागरिकता प्रमाणपत्रलगायतको कागजात बुझाउनुपर्ने व्यवस्था गरिएको आमसञ्चार प्राधिकरणले जनाएको छ ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

अनुरोधकर्ता

छिन्नमस्ता गाउँपालिका, सप्तरी

# राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनको मिति तोक्ने तयारी

काठमाडौँ, १२ पुस (रासस)।

निर्वाचन आयोगले राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनको तयारी सुरू गरेको छ । राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ बमोजिम राष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महिना अघि निर्वाचन हुनेगरी निर्वाचनको मिति तोक्नुपर्ने भएकाले आन्तरिक छलफल सुरु भएको आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिनुभयो । निर्वाचनको मिति तोकी नेपाल सरकारलाई दिनुपर्ने व्यवस्था छ ।

वर्तमान राष्ट्रपतिको कार्यकाल आगामी फागुन २९ मा सकिने भएकाले आयोगले माघ २८ गतेभित्र निर्वाचन गराउने तयारी गरेको हो । नेपालको संविधानको धारा ६३ मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यकाल निर्वाचित भएको मितिले पाँच वर्ष तोकिएको छ ।

संविधानको धारा ७० बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिमा फरक लिङ्ग वा समुदायबाट प्रतिनिधित्व हुनुपर्ने भएकाले दुवै पदको एकै पटक नभइ फरक-फरक मितिमा निर्वाचन हुनेछ ।

यस निर्वाचनमा सङ्घीय संसद् (३३४) र प्रदेशसभाका सदस्य (५५०) मतदाता हुनेछन् । मुलुकको विद्यमान जनसङ्ख्या अनुसार यी पदको निर्वाचनका लागि सङ्घीय संसद्‌काप्रति सदस्यको मतभार ७९ र प्रदेशसभाका प्रतिसदस्यको मतभार ४८ हुनेछ ।

आयोगले गत मङ्सिर ४ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको परिणामसहितको प्रतिवेदन गत मङ्सिर २९ गते प्रतिवेदन बुझाएको थियो । राष्ट्रपतिको आह्वान बमोजिम दुईभन्दा बढी दलको समर्थनमा यही पुस १० गते नयाँ सरकार गठन भइसकेको छ ।

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनमा सम्पादन गर्नुपर्ने कामका लागि आयोगले न्याय परिषद्‌को परामर्शमा उच्च अदालतको न्यायाधीशलाई निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

निर्वाचनमा उम्मेदवार हुन सङ्घीय संसद्‌को सदस्यका लागि हुनुपर्ने योग्यताका साथै कम्तीमा ४५ वर्ष उमेर पूरा भएको हुनुपर्ने तथा कुनै कानुनले अयोग्य नभएको व्यक्ति हुनुपर्नेछ । निर्वाचनमा मनोनयनका लागि मतदाता नामावलीमा नाम समावेश भएका पाँच जना प्रस्तावक र पाँच जना समर्थक आवश्यक पर्ने कानुनी व्यवस्था छ ।

### *वायु प्रदूषणको...*

कारबाहीसहित जरिवाना गरिएको विभागले जनाएको छ ।

गाडीहरूले फ्याँक्ने धुवाँको अवस्थाबारे प्रदूषण जाँच गर्ने 'स्मोक डेन्सिटीमिटर' मार्फत छड्के जाँच सुरु गर्ने गरिएको विभागका प्रवक्ता शङ्करप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदूषण जाँचमा फेल भएका गाडीधनीलाई रु पाँच हजार जरिवाना तिराइएको र तीन दिनभित्र मर्मत गराएर पुनः परीक्षणका लागि विभागमा आउन भनिएको छ ।

उक्त जाँचमा काठमाडौँ उपत्यकामा चल्ने गाडीहरूले फ्याँक्ने धुवाँको अवस्था खराब देखिएको बताइएको छ । "भाडामा चल्ने धेरै गाडी प्रदूषण जाँचमा फेल भएका छन्," वातावरण विभागका प्रवक्ता पौडेलले भन्नुभयो, "विभागले विशेषगरी डिजलबाट चल्ने जिप, भ्यान, बसलगायतको परीक्षण गर्दै आएको छ, गाडी प्रदूषण पास नभएसम्म पटक-पटक जाँच गर्न लगाउनेछौँ ।"

यसैगरी विभागले टोली बनाएर उपत्यकाका विभिन्न ठाउँमा गाडीहरूले फ्याँक्ने धुवाँको अवस्था बुझ्न छड्के जाँच पनि गरिरहेको छ । टोलीले प्रदूषण जाँच गर्ने 'स्मोक डेन्सिटीमिटर' मार्फत गाडीले फ्याँक्ने धुवाँको परीक्षण गर्दै आएको हो । छड्के जाँचमा प्रदूषण जाँचपासका रूपमा हरियो वा अन्य स्टिकरको अवधि बाँकी रहेको अवस्थामा पनि प्रदूषण जाँचमा अनुत्तीर्ण हुने गाडीलाई जरिवाना गरिने जनाइएको छ ।


बिष्णुपुर गाउँपालिका

**गाउँ कार्यपालीकाको कार्यालय**

बिष्णुपुर, सप्तरी

मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७९/०९/१३)**

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा मिति २०७९/०८/२१ गते प्रकाशित निम्न बमोजिमका शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सुचना अनुसार निर्धारित समय भित्र रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरुको मध्ये तपसिल बमोजिमका दरभाउपत्रहरु सारभूतरुपमा प्रभावग्राही तथा अधिकतम मुल्यांकित तपशिल बमोजिमको बोलपत्रदाताको दरभाउपत्र यस कार्यालयको मिति २०७९/०९/१२गतेको निर्णय अनुसार स्वीकृतिको लागी छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उप-दफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना प्रकाशन गरिएको छ।

**तपशिल :**

| सि. नं | ठेक्का नं | पोखरीको विवरण | न्युनतम कबोल अंक | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|---|---|
| १. | २/०७९/०८० | डोमराही पोखरी मधेपुरा-वडा नं १ | १,००,०००.००(एक लाख) | पारस कुमार यादव, बिष्णुपुर गा.पा-१ | १,०१,०००/- (एक लाख एक हजार) |
| २. | ३/०७९/०८० | लिलहा पोखरी-वडा नं १ | ३,००,०००.००(तीन लाख) | हरेराम प्रसाद मण्डल, बिष्णुपुर गा.पा-१ | ३,०१,०००/-(तीन लाख एक हजार) |
| ३. | ७/०७९/०८० | पिपराही पोखरी-वडा नं १ | २,००,०००.००(दुई लाख) | राम कुमार खंग, बिष्णुपुर गा.पा-१ | २,५०,०००/-(दुई लाख पचास हजार) |
| ४. | ८/०७९/०८० | थन्ही पोखरी-वडा नं १ | ४,००,०००.००(चार लाख) | शत्रुधन यादव, बिष्णुपुर गा.पा-१ | ४,३२,०००/-(चार लाख बतीस हजार) |
| ५. | ९/०७९/०८० | टाकुर पोखरी-वडा नं १ | ३,००,०००.००(तीन लाख) | गंगा प्रसाद यादव, बिष्णुपुर गा.पा-१ | ३,१५,५५५/-(तीन लाख पंद्रह हजार पाच सय पचपन्न) |
| ६. | १०/०७९/०८० | बडकी पोखरी-वडा नं ३ | ८,००,०००/००(आठ लाख) | फुलेश्वर मण्डल, बिष्णुपुर गा.पा-३ | १२,०५,०००/-(बारह लाख पाच हजार) |
| ७. | ११/०७९/०८० | उमराही पोखरी-वडा नं ५ | १,५०,०००.००( एक लाख पचास हजार) | कोशिला देवी यादव, बिष्णुपुर गा.पा-५ | २,६१,०००/-(दुई एकसठ हजार) |
| ८. | १८/०७९/०८० | तरवारा पोखरी-वडा नं ७ | ४,७५,०००.०० (चार लाख पचहतर हजार ) | कृतानन्द साह, बिष्णुपुर गा.पा-७ | ४,७५,१००/-(चार लाख पचहतर हजार एक सय) |

प्रमुख प्र. अधिकृत


## विश्व समाचार

### दक्षिण कोरियाका पूर्वराष्ट्रपतिलाई आममाफी

सियोल, १२ पुस (रासस/सिन्ह्वा)।

दक्षिण कोरियाका पूर्वराष्ट्रपति ली म्युङ-बाकका साथै केही अन्य राजनीतिज्ञ र पूर्व सरकारी अधिकारीको जेल सजाय मिनाह गरिएको छ । दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलले आफ्नो संवैधानिक अधिकार प्रयोग गर्दै मङ्गलबार पूर्वराष्ट्रपति ली म्युङ-बाकसहितका ती अधिकारीको जेल सजायँलाई 'विशेष परिस्थिति' मिनाह गरिदिनुभएको हो ।

सन् २०१३ को फेब्रुअरीसम्म पाँच वर्ष राष्ट्रपतिको जिम्मेवारी सम्हाल्नुभएका लीलाई सन् २०२० को अक्टोबरमा घूस खोरी र अनियमिततागरेको अभियोगमा १७ वर्षको जेल सजाय सुनाइएको थियो । बुधबारदेखि लागू हुने गरी जेल जीवनलाई 'विशेष मिनाह' गरी बाँकी १५ वर्षको जेल सजायबाट छुट दिइनेछ । गत मे महिनामा पदभार ग्रहण गरेयता युनले राष्ट्रपतिका रूपमा दोस्रो पटक पूर्व सरकारी अधिकारीहरूलाई क्षमादान दिनुभएको हो ।

### पर्यटक आगमनमा लगाइएको प्रतिबन्ध हटयो

बेइजिङ, १२ पुस (रासस/सिन्ह्वा)।

चीनमा विदेशी पर्यटकको आगमनमा लगाइएको प्रतिबन्ध अन्त्य गरिएको छ ।चीनले जनवरी ८ देखि सुरु हुने अन्तर्राष्ट्रिय आगमनका लागि न्युक्लिड एसिड परीक्षण रद्द गर्ने चिनियाँ विदेश मन्त्रालयको वेबसाइटमा मङ्गलबार जारी गरिएको विज्ञप्तिमा उल्लेख छ ।

यद्यपि, चीन भ्रमणमा आउने यात्रुले चीना प्रस्थान गर्नुभन्दा ४८ घण्टाभित्र पीसीआर परीक्षण गर्नुपर्ने र यसको रिपोर्ट साथमा राख्नुपर्नेछ । कोभिड सङ्क्रमण भएका व्यक्तिहरूलाई रिपोर्ट नेगेटिभ नआएसम्म आफ्नो यात्रा स्थगित गर्न सल्लाह दिइएको छ ।

चिनियाँ कुटनीतिक तथा कन्सुलर नियोगबाट स्वास्थ्य कोडका लागि यात्रुले आवेदन दिन आवश्यक छैन । उनीहरुले भन्सार कार्डमा आफ्नो स्वास्थ्य अवस्थाको घोषणा गर्ने विज्ञप्तिमा उल्लेख छ ।

असामान्य स्वास्थ्य अवस्था घोषणा वा ज्वरोको लक्षण भएका व्यक्तिहरूले भन्सारमा एन्टिजेन परीक्षण गर्नुपर्नेछ । उनीहरूलाई स्वास्थ्य अवस्था हेरेर निको नहुञ्जेलसम्म घरमै एकान्तमा बस्न वा अस्पतालमा उपचार गर्न सल्लाह दिइने बताइएको छ ।

### अमेरिकामा हिमआँधीमा परी उनान्चास जनाको मृत्यु

बफेलो, १२ पुस (रासस/एएफपी)।

'शताब्दी कै विनासकारी हिमआँधी' भनिएको आँधीबाट अमेरिकाका विभिन्न राज्यमा मृत्यु हुनेको सङ्ख्या ४९ पुगेको सोमबार न्यूयोर्कका आपतकालीन कर्मचारीहरूले जानकारी गराएका छन् । प्रभावित बासिन्दाहरूलाई उद्धार गर्ने कोसिस भइरहेको स्थानीय प्रशासनले जनाएको छ ।

न्यूयोर्कका गभर्नर क्याथी होचुलले भन्नुभयो, "उत्तरपूर्वी अमेरिकाका केही भागहरूमा हिमआँधीको अवस्था कायमै रहेको छ । यो खराब मौसमको विनाशकारी यात्रापछिको जोखिमयुक्त अवशेष हो । आँधीले देशलाई धेरै दिनसम्म चीसोको सामना गर्न बाध्य पारेको छ ।

"हिमआँधीका कारण व्यापक रूपमा बिजुली कटौती भएको छ, हजारौँको बाटैमा अलपत्र परेका छन् र नौ राज्यहरूमा कम्तिमा ४९ जनाको मृत्यु भएको छ," न्यूयोर्क प्रशासनद्वारा सार्वजनिक गरेको तथ्याङ्कले देखाएको छ ।

न्युयोर्क राज्यमा अधिकारीहरूले विशेष गरी बफेलोमा घन्टौंसम्मको हिमबर्षापछि, सवारी साधनको अवरूद्धता र हिउँको किनारमा शवहरू फेला परेको र आपतकालीन कर्मचारीहरू जीवित व्यक्तिहरूको खोजीमा 'कारदेखि कारसम्म' मा जाने डरलाग्दो अवस्थाको वर्णन गरेका छन् ।

तीव्र हिमआँधी, हावाहुरी र शून्यभन्दा कम तापक्रमका कारण हालैका दिनहरूमा १५ हजारभन्दा बढी अमेरिकी उडानहरू रद्द गरिएको ट्र्याकिङ, फ्लाइटवेयर डट कमले जनाएको छ ।

अमेरिकामा खराब जाडो मौसमको लागि अपरिचित नमानिने एरी काउन्टीको प्रसिद्ध शहर बफेलो सङ्कटपूर्ण अवस्थाको केन्द्रबिन्दुमा रहेको छ । शहरका धेरै भागमा ठूलो मात्रा तीन फिटसम्म हिउँले जमिनलाई ढाकेको छ ।

न्यूयोर्कका गभर्नर होचुलले मङ्गलबार पत्रकारसँगको कुराकानीमा भन्नुभयो, "निश्चित रूपमा यो शताब्दीको विनाशकारी हिमआँधी हो ।

होचुलका अनुसार न्युयोर्कका केही शहरमा रातभर ३० देखि ४० इन्च (०.७५ देखि १ मिटर) सम्म हिउँ जमेको छ ।

विनाशकारी हिमआँधीपछि ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "सोमबार पछि होचुलले राष्ट्रपति जो बाइडेनसँग कुरा गर्नुभएको र न्यूयोर्क राज्यलाई सहयोग गर्न आग्रह गर्नुभएको छ । उहाँले 'संघीय सरकारको पूर्ण शक्ति' परिचालनको प्रस्ताव गर्नुभएको थियो र राष्ट्रपतिले बाइडेनले सहयोगको प्रतिवद्धतासहित आँधीमा आफ्ना प्रियजनहरूको आत्मको शान्तिका लागि प्रार्थना गर्नुभएको छ ।

बाइडेनले प्रभावित राज्यका लागि आपतकालीन सहयोगको घोषणालाई पनि अनुमोदन गरेको ह्वाइट हाउसले जनाएको छ ।

# क्रिकेटमा प्रतिष्ठानको फराकिलो जित



**दैनिक समाचारदाता**
**राजविराज, १२ पुस ।**

क्रिकेट विकास प्रतिष्ठानद्वारा संचालित डब्बल राउन्ड रोबिनको आधारमा खेलाइएको अन्तरविधालय टि ट्वान्टी क्रिकेट प्रतियोगिता अन्तर्गतको मंगलबारको खेलमा प्रतिष्ठानले १ सय २५ रनको फराकिलो जित हात पारेको छ ।

क्रिकेट विकास प्रतिष्ठान र पिसल्यान्ड स्कुल बिच भएको उक्त खेलमा लिटिल एन्जेल स्कुललाई १ सय २५ रनको फराकिलो अन्तरले प्रतिष्ठान बिजयी भएको हो ।

प्रतिष्ठानले टस जितेर निर्धारित २० ओभरमा ७ बिकेट गुमाएर १ सय ६१ रनको योगफल खडा गरेको थियो । जसमा विशाल यादवले अर्धशतकिय पारी खेल्दै अविजित ५१ र रोहित यादव ४० र अमन मण्डल २९ रन बनाएका थिए ।

बलिङतर्फ पिसल्यान्ड स्कुलका रियाज अली ३, प्रदिप दास २ र श्यामबाबु मण्डल, शम्भु यादवले १/१ बिकेट लिए । प्रतिउतरमा लिटिल एन्जेल स्कुलले ९ ओभरमा सबै बिकेट गुमाई ३६ रन मात्र बनाउन सक्यो । रियाज अली ९ रन सहित अन्य कुनै पनि खेलाडी दोहोरो अंक पार गर्न सकेन ।

बलिङतर्फ प्रतिष्ठानका सुशान्त देवले उत्कृष्ट बलिङ गर्दै ४ ओभरमा १३ रन दिएर ५ बिकेट लिएका थिए भने पंकज राय ३ बिकेट र सुमन चौधरी र रितेश राम १/१ बिकेट हात पारेका थिए ।

उक्त अवसरमा सप्तरी क्रिकेट सँघका सचिव चन्दनकुमार यादवले खेलको म्यान अफ दि म्याच प्रतिष्ठानका सुशान्त देवलाई कप पुरस्कारवाट सम्मान गरेको प्रतिष्ठानका सचिव सन्तोष यादवले जानकारी दिए । बुधबारको खेल लिटिल एन्जेल र प्रतिष्ठान बिच हुने जनाइएको छ ।

# सगरमाथा साझा यातायातमा शम्भु

**दैनिक समाचारदाता**
**राजविराज, १२ पुस ।**

यातायात व्यवसायीको पेशागत हकहित तथा व्यवस्थित ढंगले यातायात संचालनका लागि गठन भएको सगरमाथा साझा नेपाल यातायात प्रालिको प्रथम साधारण सभाले नयाँ कार्य समितीको चयन गरेको छ ।

सोमवार संस्थाको. कार्यालय परिसरमा आयोजित प्रथम साधारण सभाले शम्भु प्रसाद यादव (लाली) को अध्यक्षतामा ७ सदस्यीय नयाँ कार्य समितीको चयन गरेको हो ।



नव गठित समितीको उपाध्यक्षमा हरेराम यादव, सचिव शैलेन्द्र कुमार देव र कोषाध्यक्षमा श्रीलाल शर्मा सर्वसम्मतले चयन भएका छन् ।

यस्तै सदस्यहरुमा अशोक साह, अशोक यादव, सत्य नारायण महतो छानिएका छन् । शनीवार नै सम्पन्न पहिलो बैठकले सवारी साधानलाई व्यवस्थित ढंगले संचालन तथा यातायात व्यवसायीको हक हितका लागी विभिन्न ३ बुंदे निर्णय गर्नुका साथै कार्य समितीको रिक्त रहेको सदस्य पदमा अर्जुन कुमार गौतमलाई मनोनित गरेको सो प्रालिले जनाएको छ ।

### अब पोलिय ...

मात्रा नौ महिनामा लगाइने छ ।

यस्तै एक वर्ष उमेरमा खोप लगाउन छुटेमा पाँच वर्षभित्रमा बालबालिकाले पनि लगाउन सकिने उहाँले बताउनुभयो । उहाँका अनुसार पाँच वर्षभित्रमा बालबालिकाले चार महिनाको फरकमा दुई मात्रा खोप लगाउने छन् ।

# वैदेशिक रोजगारीमा जाने श्रमिकले तालिम लिनुपर्ने

काठमाडौँ, १२ पुस (रासस) ।

वैदेशिक रोजगारीमा जाने श्रमिकले अनिवार्य रूपमा अभिमुखीकरण तालिम लिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबुद्धनगर, काठमाडौँले आग्रह गरेको छ ।

वैदेशिक रोजगारीमा जानेका लागि अभिमुखीकरण तालिम मापदण्ड अनुसार सञ्चालन नभएको विभागले जनाएको छ ।

अभिमुखीकरण तालिम मापदण्डअनुसार सञ्चालन नभएको भन्दै विभागले देशका विभिन्न ठाउँमा रहेका तालिम प्रदायक संस्थामा अनुगमन गरेको थियो । काठमाडौँ उपत्यकासहित देशका विभिन्न जिल्लामा अनुगमन गर्दा मापदण्डअनुसार अभिमुखीकरण तालिम सञ्चालन नभएको पाइएको वैदेशिक रोजगार विभागले जनाएको छ ।

वैदेशिक रोजगारीमा जाने श्रमिकले अनिवार्य रूपमा अभिमुखीकरण तालिम लिनुपर्ने सरकारी नियम छ । जसअनुसार तालिम प्रदान गर्न वैदेशिक रोजगार विभागसँग अनुमति लिएर संस्थाले अभिमुखीकरण तालिम प्रदान गरिरहेका छन् ।

अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ अनुसार तालिम सञ्चालन हुनुपर्ने भए पनि यसअनुसार नभएको पाइएको विभागको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यस्तै विभागले १५ दिनभित्र कार्यविधिले तोकेको मापदण्ड पूरा गरी विभागलाई जानकारी गराउन सबै अभिमुखीकरण तालिम प्रदायकहरूलाई आह्वान गरेको छ । यसका साथै अभिमुखीकरण तालिम प्रदायक संस्थाको अनुगमन अबको केही समयभित्रै अनलाइनमार्फत् सुरु गरिने पनि विभागले जनाएको छ ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**



## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल भर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



## चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्भनुहोस् । हाम्रो सेवाहरु

iPay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np